मंगला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बाबियाचौर, म्याग्दी
४ नं. प्रदेश नेपाल

पत्र संख्या : २०७४/०७५
चलानी नं. ८४२

मितिः २०७५/०२/०२

विषयः कार्यक्रमको जानकारी गराईदिने सम्बन्धमा।

श्री १ नं. वडा कार्यालय, कुहुँ
श्री २ नं. वडा कार्यालय, बाबियाचौर
श्री ३ नं. वडा कार्यालय, आर्भाङ्ग, बरङ्जा
श्री ४ नं. वडा कार्यालय, बुकेनी, बरङ्जा
श्री ५ नं. वडा कार्यालय, पाँखु, अर्मन
मंगला गाउँपालिका, म्याग्दी ।

उपर्युक्त सम्बन्धमा फेवा टेलिभिजन लिमिटेड बाट यस कार्यालयमा प्राप्त मिति २०७५/०१/१७ को नृत्य टोली उपलब्ध गराई दिने बारेको पत्रको छायाँकपी संलग्न राखि पठाईएको छ, सो पत्र अध्ययन गरी ताहाँ वडाको प्रत्येक टोल, बस्तीमा कार्यक्रमको बारेमा जानकारी गराईदिनु हुन आदेशानुसार अनुरोध छ ।

२०७५/०२/०२

PAN601882214 Regd : 123216/70/71

# फेवा टेलिभिजन लिमिटेड
# FEWA TELEVISION LIMITED

FEWA TELEVISION

पत्र संख्या :
चलानी नं :

मिति : २०७५-०१-१०

श्री सतप्रसाद रोका ज्यू,

प्रमुख, मंगला गाउँपालीका

म्याग्दी ।

विषय :- नृत्य टोलि उपलब्ध गराईदिनुहुने बारे ।

महोदय ,

उपरोक्त सम्बन्धमा यस फेवा टेलिभिजनद्धारा आयोजना हुन लागेको "**फेवा कल्चरल ग्रुप डान्स आईडल**" विशुद्ध नेपाली मौलिक भाषा–भाषि, जात–जाति, भेग, क्षेत्र तथा समुदायहरुलाई समेटेर सामाजिक सद्‌भाव कायम गर्नको लागी गरिने कार्यक्रम हो । यस कार्यक्रमले भौगोलिक बिकटताको कारणले पछाडी परेका धार्मिक तथा पर्यटकिय संभावना रहेका ठाँउ तथा क्षेत्रहरुको प्रवर्धन गर्न समेत महत्वपूर्ण भूमिका खेल्नेछ । यसकारण सोहि क्षेत्रबाट अडिसन लिईने हुँदा सोहि क्षेत्रको प्रतिनिधित्व गरि एक नृत्य टोलि उपलब्ध गराईदिनुहुन बिनम्र अनुरोध सहित यस मंगला गाउँपालीका मातहतमा रहेका सम्पूर्ण वडाहरुमा समेत जानकारी गराईदिनुहुन समेत अनुरोध गर्दछौ, साथै यस कार्यक्रमको नियम यसै पत्रका साथ उपलब्ध गराएका छौ ।

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू, आवश्यक गर्नुहुन ।
२०७५-२-२

(हस्ताक्षर)
सुजन पराजुली
कार्यक्रम संयोजक

फेवा कल्चरल ग्रुप डान्स आईडल

०६१५२४५१७,१९
९८४६०२३००५

FEWATV

शिक्षा शाखा
मार्फत कार्यपालिका समक्ष

# प्रतियोगिता सम्बन्धि नियमहरु

– समुह नृत्यका निमित्त कम्तिमा २ जना देखि बढिमा १५ जना नृत्य गर्ने कलाकार संख्या हुनुपर्नेछ । ( नृत्य निर्देशक र टिमलिडर साथै सम्पूर्ण कलाकार सहित )

– गीत शुद्ध नेपाली भाषामा हुनुपर्नेछ र यदि मातृभाषामा भएमा नेपालीमा उल्था गरी टिम दर्ता प्रकृया संगै बुझाउनु पर्नेछ ।

– १० वर्षभन्दा माथिका उमेर समुहले कार्यक्रममा सहभागी जनाउन सक्नेछन ।

– नृत्यमा गीत अनुसार सुहाउदो भेषभुषा हुनुपर्नेछ । नृत्यमा चाहिने सम्पूर्ण सामग्री प्रतियोगीले आफै ल्याउनुपर्नेछ ।

– प्रत्येक समुहलाई प्रस्तुतिका लागि बढीमा १२ मिनेटको समय दिइनेछ । समयावधिभित्र प्रस्तुति सकि–सक्नुपर्नेछ । मञ्चमा प्रवेश समय र प्रस्तुति सकिए पछि बाहिरिने समयलाई गणना गरिने छैन ।

– प्रस्तुति कुन जाति, भेग, समुदायको र कुन वेला कस्तो अवसरमा नाचिन्छ सोको बारेमा प्रस्ट खुलाई टिम दर्ता संगै बुझाउनुपर्नेछ ।

– मौलिकपनलाई बढी प्राथमिकता दिइनेछ ।

– छनौट चरणको नृत्य नै फाइनलमा प्रस्तुत गर्नुपर्नेछ ।

– कास्की जिल्ला भन्दा बाहिरको सहभागी टिमलाई उत्कृष्ट १० समुह चरणमा प्रवेश गरिसकेपछि मात्र खाना र बस्नको व्यवस्था आयोजकको तर्फबाट गरिनेछ । बढीमा १५ जनाले मात्रै सुविधा पाउनेछन् ।

– कार्यक्रमको १ दिन अगाडि प्रतियोगिलाई कार्यक्रम गरिने हलमा प्राक्टिस गर्ने सुविधा दिईने छ । समय बिहान ११ बजेदेखि बेलुका ५ बजेसम्म मात्र ।

– टिम दर्ता शुल्क रु ३,०००।– लाग्नेछ ।

– टिम दर्ता अन्तिम मिति २०७५ जेष्ठ ५ गते भित्र गरिसक्नुपर्नेछ ।

– नृत्य गीतिनाटकजस्तो गर्न पाइनेछैन, नृत्यलाई नै बढी प्राथमिकता दिनुपर्नेछ ।

– दर्ता प्रकृयाको निम्ति सहभागी कलाकार, साथै नृत्य निर्देशकको नाम तथा फोटो अनिवार्य बुझाउनु पर्नेछ ।

– निर्णायकको निर्णय नै अन्तिम हुनेछ ।

– फाइनलको लागि छनौट चरण गरिनेछ, सम्पूर्ण तयारी भेषभुषा सहित उपस्थिति हुनुपर्नेछ , छनौट चरणको मिति, समय र स्थान फोन मार्फत जानकारी गराइनेछ ।

– प्रतियोगिता अवधिभर नृत्य समुहलाई आवश्यक पर्ने पोषाक र गीतको बोल समूह स्वंयम आफैले व्यवस्था गर्नुपर्नेछ ।